आज मिति २०७९ साल कार्तिक महिनाको २५ गते शुक्रवारका दिन यस बेसिशहर नगरपालिका नगर कार्यपालिकाका नगर प्रमुख श्री गुमान सिंह अर्याल ज्यूको अध्यक्षतामा यस बेसिशहर नगरपालिकाको विभिन्न विषयमा नगर कार्यपालिकाको नवौं बैठक बसी तपशिल बमोजिमको उपस्थितिमा तपशिल बमोजिमको छलफल एवं निर्णय गरियो ।

## उपस्थिति :-

१, प्रमुख श्री गुमान सिंह अर्याल
२, उप-प्रमुख श्री पद्मा गुरुङ
३, प्र.प्र. अधिकृत श्री इमनाथ कडेल
४, वडा अध्यक्ष (क्रा.नं.१) श्री दुर्गा बहादुर बुढाथोकी
५, —,,— (२) श्री मदन बहादुर राना
६, —,,— (३) श्री चित्र बहादुर दर्नाई
७, —,,— (४) श्री गम बहादुर गुरुङ
अनुपस्थिति ८, —,,— (५) श्री इन्द्र बहादुर गुरुङ
९, —,,— (६) श्री प्रकाश थापा
१०, —,,— (७) श्री ऋषिराम बस्नेत
११, —,,— (८) श्री पवित्रा थापा राना
अनुपस्थिति १२, —,,— (९) श्री खुशी जङ गुरुङ
१३, —,,— (१०) श्री गंगा बहादुर थापा
१४, —,,— (११) श्री शिव प्रसाद जोशी
१५, कार्यपालिका सदस्य श्री हिरालाल विश्वकर्मा
अनुपस्थिति १६, —,,— श्री श्रीनाथ कुलाल
१७, —,,— श्री कल्पना थापा बोहरा
१८, —,,— श्री बिमला न्यौपाने अधिकारी
अनुपस्थिति १९, —,,— श्री सुक माया गुरुङ
२०, —,,— श्री सुक माया घर्ती
२१, —,,— श्री मनिता परियार

सहजकर्ता कर्मचारी :

२२, ना.सु. (सहायकस्तर पाँचौं) श्री गोविन्द बहादुर राउत

बेसीशहर नगर कार्यपालिकाको मिति २०७९/०७/२५ गतेको बैठक

**बैठककबाट पारित निर्णयहरु**

**निर्णय नं. १ : मतदाता शिक्षा कार्यक्रमको सम्बन्धमा ।**

यही २०७९ मंसिर ४ गते हुने प्रतिनिधि सभा तथा प्रदेश सभा सदस्य निर्वाचनमा मतदाताको सहभागिता बढाउने तथा बदर मत घटाउने उद्देश्यले निर्वाचन आयोगले तयार पारेको मतदाता शिक्षा कार्यक्रम निर्देशिका २०७९ को आधारमा यस नगरपालिकाका सवै वडाहरुमा मतदाता शिक्षा कार्यक्रम सञ्चालन गरिएको हुँदा यस कार्यको लागि नगपालिकास्तरीय मतदाता शिक्षा समन्वय समितिको सिफरिश समेतको आधारमा रु. २ लाख ९६ हजार विविध कार्यक्रम खर्च शिर्षकमा विनियोजित बजेट मध्येबाट विनियोजन गर्ने निर्णय गरियो ।

**निर्णय नं. २ : प्रतिनिधिसभा तथा प्रदेशसभा सदस्य निर्वाचन २०७९ सम्बन्धमा ।**

यही मंसिर ४ गते हुने प्रतिनिधिसभा तथा प्रदेशसभा सदस्य निर्वाचन २०७९ निष्पक्ष, शान्तिपूर्ण तथा भयरहित वातावरणमा सम्पन्न गर्ने कार्यमा आवश्यक योगदान पुऱ्याउन सुरक्षा निकाय, कर्मचारी, मतदाता तथा बेसीशहरबासी आम जनसमुदायमा अनुरोध गर्ने तथा नगरपालिकाको तर्फबाट आवश्यक सहयोग पुऱ्याउने निर्णय गरियो ।